का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ मंसिर २०७९,
शनिबार
10 December 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २९४ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



उमेर हदका कारण अवकाश पाउन चार दिन बाँकी रहँदा सर्वोच्च अदालतमा हाजिर हुने र आफूमाथिको निलम्बन निस्तेज भएको सन्देश सहित अवकाश लिने जबराको योजना विफल भएको छ ।

# बद्नाम बहिर्गमन

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २३ मंसिर ।

उमेर हदका कारण अवकाश पाउनु अघि नै महाअभियोगबाट क्लिन चिट लिने निलम्बित प्रधान न्यायाधीश चोलेन्द्रको शम्शेर जबराको प्रयास विफल भएको छ । उनी निलम्बनकै अवस्थामा अवकाशमा जाने निश्चित भएको छ ।

संसदका महासचिव गौतमले जबराको निलम्बन फुकुवा भएको पत्र बुधबार दिएका थिए । लगत्तै परेको रिट रिट सुनुवाइका लागि कायममुकायम प्रधान न्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वमा संवैधानिक इजलास गठन भएको थियो । वरिष्ठतम् न्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ, न्यायाधीशहरु ईश्वर प्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हा सदस्य रहेको संवैधानिक इजलासले संसद सचिवालयका महासचिवलाई महाअभियोग निष्प्रभावी भएको भनेर पत्र लेख्ने अधिकार नभएको भन्दै विभिन्न निकायमा जारी भएको पत्र समेत तत्काल कार्यान्वयन नगर्नु/नगराउनु भनी आदेश दिएको हो ।

सर्वोच्च अदालतले के कति कारणले पत्र लेखिएको हो भन्नेबारे जवाफ दिन समेत संघीय संसदका महासचिवको नाममा आदेश जारी गरेको छ । यो आदेशसँगै अवकाश पाउन ४ दिन बाँकी रहदा सर्वोच्च अदालतमा हाजिर हुने र आफूमाथिको निलम्बन निस्तेज भएको सन्देश सहित अवकाश लिने जबराको योजना विफल भएको छ ।

सर्वोच्च अदालतको यो अन्तरिम आदेशपछि महासचिव गौतमले विभिन्न निकायमा जारी गरेको पत्र समेत प्रभावहीन भएका छन् ।

संवैधानिक इजलासमा रिट निवेदनको मस्यौदा गरेका वरिष्ठ

> सर्वोच्चले जबराको निलम्बन 'निष्प्रभावी' हुने भनी संसदका महासचिव भरतराज गौतमले दिएको पत्र तत्काल कार्यान्वयन नगर्नु/नगराउनु भनी अन्तरिम आदेश जारी गरेसँगै अवकाश अघि क्लिन चिट लिने जबराको चाहना पूरा नभएको हो ।

अधिवक्ता टिकाराम भट्टराई, सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष शाक्य, नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे, वरिष्ठ अधिवक्ताहरु बद्रीबहादुर कार्की र शम्भु थापाले बहस गरे ।

बहसका क्रममा भट्टराईले संघीय संसदका महासचिव भरतराज गौतमको पत्र के कति कारणले गैरसंवैधानिक हो भनी फेहरिस्त पेश गरे । प्रतिनिधिसभामा विचाराधीन भएको, महाभियोग सिफारिस समितिले महाभियोग सहित भ्रष्टाचार र सम्पत्ति शुद्धिकरणको विषयमा जबरामाथि छानविन हुनुपर्ने भनी प्रतिवेदन दिएको र सभामुखले प्रतिवेदनलाई प्रतिनिधिसभाको बैठकमा पेश गर्नु भनी तोक लगाएकाले महाभियोगको प्रस्ताव विचाराधिन नै भएको उनको भनाइ थियो ।

रिट निवेदकमध्येका एक, सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यले संसद महासचिवको क्षेत्राधिकारमाथि नै थप विवेचना गरे । 'संसदमा विचाराधिन विषयमा निर्णय सुनाउने अधिकार महासचिवलाई छदैछैन, उहाँले आफ्नो ठहरमात्रै सुनाउनुभयो' उनले भने, 'यो अनुशासनहीनताको पराकाष्टा हो । यस्तै रवैया हो भने मुख्यसचिवले पत्र पठाएर प्रधानमन्त्रीलाई घर पठाउन सक्ने भए । त्यसरी पद गए के हुन्छ ?'

सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले निर्वाचन सकिएर अन्तिम निर्वाचन नतिजा सार्वजनिक हुन केही दिन बाकी रहदा यसरी पत्र पठाउनु संयोगमात्रै नभएको टिप्पणी गरे । 'महाभियोगको विषय महासचिवको होइन, प्रतिनिधिसभाको एजेण्डा हो । महाभियोगको निरन्तरता पाउदैन भनेर भन्ने हक समेत प्रतिनिधिसभालाई मात्रै छ' उनले भने, 'संसदका महासचिवले गैरजिम्मेवार व्यवहार देखाउनुभयो । उहाँलाई पदको दुरुपयोग गरेको आरोपमा कारवाही गर्नुपर्छ ।'

पूर्व महान्यायाधीवक्ता एवं वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्कीले संविधान जोगाउनुपर्नेले नै संविधानलाई जोखिममा पारेको टिप्पणी गरे । महाभियोगको प्रक्रिया समेत संविधान र कानून अनुसार 'ट्र्याक'मा नचलेको उनको टिप्पणी थियो । 'बयान दिन जानेहरु लेक्चर दिइरहेको देखियो, बयान लिन बसेकाहरु मुन्टो निहुराएर सुनिरहने अवस्था देखियो' उनले भने, 'निलम्बित प्रधानन्यायाधीशले अदालतलाई त धुलोमा पुऱ्याउन खोजेका थिए नै, संसदको पनि खिल्ली उडाए ।' उनले पत्र पाँउ भनी निवेदन दिने र पत्र लेख्नेलाई समेत कारवाही हुनुपर्ने बताए ।

वरिष्ठ अधिवक्ता शम्भु थापाले निलम्बित प्रधानन्यायाधीश जबरा र संसद सचिवालयका महासचिव गौतमविच मिलेमतो भएको आरोप लगाए । 'दुई जनाबीच दूषित जालसाजीपूर्ण मिलेमतो छ । पहिल्यै साँठगाँठ छ । नत्र कसरी त्यस्तो निवेदन खल्तीमा दर्ता हुन्छ' उनले भने, 'यो राजद्रोह हो र संवैधानिक व्यवस्था खलल पार्ने काम हो । महाभियोग टुंगिएपछि पत्र लेख्न संसद क्रियाशिल

– बाँकी पृष्ठ २ मा

# शक्ति केन्द्र धाउँदै मुख्यमन्त्रीका आकांक्षी

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २३ मंसिर ।

गत मंसिर ४ गते सम्पन्न भएको प्रदेश तथा प्रतिनिधिसभाको अन्तिम नतिजा आएसँगै मुख्यमन्त्रीका आकांक्षीको दौडधुप सुरु भएको छ । ७ वटै प्रदेशमा रहेका सत्तागठबन्धन सहित अन्य दलका आकांक्षी मुख्यमन्त्री बन्ने तयारीमा देखिएका हुन् ।

जसका लागि उनीहरु प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी ओली र प्रचण्ड निवासमा धाउन थालेका छन् । प्रदेश १ मा नेकपा एमाले सबैभन्दा ठूलो दल बनेपछि सत्तागठबन्धनको सरकार बन्ने सम्भावना न्यून देखिएको छ । एमालेका तर्फबाट मुख्यमन्त्रीको दाबेदारमा हिक्मत कार्की देखिएका छन् । 'प्रदेश १ मा एमाले नेतृत्वमा सरकार बन्छ, ढुक्क हुनुहोस्, अहिले धेरै खालका कसरत भइरहेका छन्, तर हाम्रो पार्टी एमालेको नेतृत्वमै सरकार बन्ने हो' दाबेदार कार्कीले भने । उनले आफ्नो नाममा सहमति जुट्ने दाबी पनि गरेका छन् । तर, सत्तागठबन्धनबाट पनि हालका मुख्यमन्त्री राजेन्द्र राईसहितका नेताहरु तयारीमा देखिन्छन् ।

मधेश प्रदेशमा सत्तागठबन्धनको सरकार बनाउन जनमत पार्टीको समर्थन चाहिने देखिएको छ । मुख्यमन्त्रीका लागि प्रदेशसभामा निर्वाचित कांग्रेसका मधेस प्रदेश सभापति कृष्ण यादव, रामसरोज यादव र विरेन्द्र सिंह देखिन्छन् । त्यस्तै, एमालेबाट कृष्ण यादव, सरोजकुमार यादव र रामचन्द मण्डल मुख्यमन्त्री बन्न शक्तिकेन्द्र धाउन थालेका छन् ।

यता, वाग्मती प्रदेशमा पनि नवनिर्वाचित सांसदहको मुख्यमन्त्री बन्न दौडधुप कम छैन । सत्तागठबन्धनसँग सरकार बनाउनका लागि




> सातवटै प्रदेशमा सत्तागठबन्धनको स्पष्ट बहुमत नदेखिएकाले कुन पार्टीबीचको गठबन्धनमा सरकार बन्छ भन्ने निश्चित छैन । तरपनि नेताहरु मुख्यमन्त्री बन्ने रहर सहित धमाधम शक्तिकेन्द्र धाउन थालेका छन् ।

स्पष्ट बहुमत प्राप्त भएपछि नेपाली कांग्रेस र माओवादी केन्द्रका आंकाक्षीहरु शक्तिकेन्द्र धाउन थालेका छन् । जसमा कांग्रेसका नुवाकोटबाट निर्वाचित प्रदेशसभा सदस्य बहादुर सिंह लामा, प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, माओवादी केन्द्रका सालिकराम जम्मकट्टेल र एकीकृत समाजवादीबाट हालका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णप्रसाद शर्मा खनाल पनि मुख्यमन्त्रीको दाबेदारका रुपमा रहेका छन् ।

गण्डकीमा मुख्यमन्त्रीका दाबेदारको लर्को लागेको छ । सत्तागठबन्धनसँग स्पष्ट बहुमत पुगेपनि कसको सरकार बन्ने निश्चित नहुँदै आकांक्षीको लर्को लागेका हो । जसमा नेपाली कांग्रेसबाट भइरहेको गठबन्धन कायम रहेको अवस्थामा भने गठबन्धनसँग स्पष्ट बहुमत पुग्छ । नेपाली कांग्रेसबाट अखण्ड नेपाल, बिन्दु थापा, मणिभद्र शर्मा, अर्जुन जोशी र शंकर भण्डारी दौडधुपमा लागेका छन् । यता एमालेबाट खगराज अधिकारी, पृथ्वीसुब्बा गुरुङ,

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# सूर्य कर्पोरेशन कन्सल्टेन्सीमा विभागको छापा, ८३ वटा राहदानी जफत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ मंसिर

वैदेशिक रोजगार विभागले राजधानीको डिल्लीबजारमा कार्यलय रहेको एक कन्सल्टेन्सीमा छापा मारी ८३ वटा राहदानी जफत गरेको छ । विभागले शुक्रबार डिल्लीबजारमा रहेको सूर्य कर्पोरेशन प्रा.लि. नामको शैक्षिक कन्सल्टेन्सी छापा मारी ती राहदानी बरामद गरेको हो ।

उक्त कन्सल्टेन्सीले युवायुवतीहरूलाई वैदेशिक रोजगारमा अमेरिका, क्यानडा र जापान लगायतका देशमा पठाउने प्रलोभनमा पारेर राहदानी संकलन गरेको विभागले बताएको छ । विभागले उक्त कन्सल्टेन्सीका ६ जना कर्मचारीलाई पक्राउ गरी प्रहरीको जिम्मा लगाउँदै थप अनुसन्धान गर्ने बताएको छ । कन्सल्टेन्सी सञ्चालक भने फरार रहेको बताइएको छ ।

विभागले उक्त कन्सल्टेन्सीका सञ्चालकले आकर्षक तलब सुविधामा अमेरिकादेखि जापानी मुलुकमा पठाइदिने भन्दै कतिपय युवायुवतीको राहदानी विगत ती वर्षदेखि कब्जामा राखेर झुलाएकोसमेत पाइएको बताएको छ । पीडितहरूको उजुरीपछि शुक्रबार दिउँसो विभागको टोली आकस्मिकरूपमा उक्त कन्सल्टेन्सीमा छापा मार्न गएको थियो ।

विभागले राहदानीका साथमा ठगीको अपराध पुष्टिका लागि सहयोगी हुने अन्य महत्वपूर्ण कागजातसमेत बरामद गरिएको बताएको छ । कन्सल्टेन्सी सञ्चालक र पक्राउ परेका कर्मचारीहरूलाई वैदेशिक रोजगार ऐन २०६४ को कुन दफा अन्तर्गत मुद्दा चलाउने भन्ने विषय अनुसन्धान पछि मात्रै टुँगो लाग्ने विभागका अधिकृत शम्भुप्रसाद कटुवालले जानकारी दिए ।

पछिल्लो समय विदेशी विश्वविद्यालयमा अध्ययनका लागि विद्यार्थी पठाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृतिमा खोलिएका शैक्षिक परामर्श संस्थाले वैदेशिक रोजगारीमा कामदार पठाउने आश्वासन दिएर व्यापक ठगी गरिरहेको पाइएको छ ।

सरकारले वैदेशिक रोजगारीमा कामदार पठाउन करोडौं रूपैयाँ धरौटी लिएर म्यानपावर कम्पनीहरूलाई कडा शर्तसहित वैदेशिक रोजगार व्यवसायको अनुमति दिएको छ । तर वैदेशिक रोजगारीको अनुमति नलिएका कन्सल्टेन्सीहरूले प्रलोभनमा पारी व्यापकरूपमा ठगी गर्दा त्यसको दोष आफूहरूले खेप्नु परिरहेको म्यानपावर कम्पनी सञ्चालहरूले बताउने गरेका छन् ।

शैक्षिक परामर्श, ट्राभल एजेन्सी र केही धार्मिक संस्था तथा व्यक्तिहरूले म्यानपावर कम्पनीबाट विदेश जाँदा भिसा लाग्न ढिलाइ हुने, तर कन्सल्टेन्सीबाट शतप्रतिशत भिसाको एक्युरेसी र छिटो हुने भन्दै ठगी गरे पनि उनीहरूलाई म्यानपावर कम्पनीलाई जस्तो कारबाही गर्न सजिलो नरहेको विभागको भनाइ छ ।

शैक्षिक परामर्श संस्था, ट्राभल एजेन्सी र व्यक्तिबाट ठगिएका कतिपय पीडितसँग ठगी पुष्टि हुने पर्याप्त प्रमाण नहुने र कतिपय शैक्षिक

– बाँकी पृष्ठ २ मा

# सत्ताको हतारो

अप्रत्यासित मत पाएर उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति र जनमत पार्टीलाई सत्ताको हतारो देखिएको छ । तर यी राजनीतिक शक्तिहरु आफैमा सरकार निर्माणको हैसियत भने राख्दैनन् ।


**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २३ मंसिर ।

नागरिक उन्मुक्ति पार्टीले माग पूरा भए सरकारमा सहभागी हुने निर्णय गरेको छ । शुक्रबार राजधानी काठमाडौंमा बसेको सचिवालय बैठकले पार्टीको माग पूरा हुने अवस्था आए सरकारमा सहभागी हुने निर्णय गरेको हो ।

यो पार्टीले रेसम चौधरी लगायत जेलमा रहेका नेता तथा कार्यकर्ता रिहाइको माग राख्दै आएको छ । रेशम लगायतको रिहाइकै माग गरेर यो पार्टीले गतिविधि गर्दै आएको छ । तर अघिल्लोपटक चुनाव जितेर पनि चौधरी आजीवन कारावासको सजाय खेपिरहेका छन् । ०७४ मा रेसमले कैलाली-१ बाट चुनाव जितेका थिए ।

चुनाव जितेलगत्तै चौधरीले आत्मसर्पण गरेका थिए । त्यसपछि गएको स्थानीय चुनाव अगाडि मात्रै रेसम संरक्षक रहेर नागरिक उन्मुक्ति बनेको हो । अहिले यो पार्टीले प्रत्यक्षतर्फ तीन जना र एक स्वतन्त्र गरी चार सांसद जितेको छ । त्यही सांसद संख्यालाई लिएर नागरिक उन्मुक्तिले सरकारमा जान सक्ने संकेत दिएका हुन् ।

तर टीकापुर घटनाको आरोपित रेसमलाई छोडेर नागरिक उन्मुक्तिलाई सरकारमा सहभागी





गराउन सजिलो देखिदैन । यद्यपि सरकारमा सहभागी हुने एजेण्डा अगाडि बढाएको छ । नागरिक उन्मुक्ति मात्रै नभएर यो चुनावबाट अनपेक्षित मत पाएर राष्ट्रिय दल बनेको जनमत पार्टीले पनि सरकारमा सहभागी हुने संकेत दिएको छ । जनमत पार्टीका अध्यक्ष सीके राउतले प्रमुख दलहरु नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड लगायतसँग भेटेका छन् ।

भेटवार्ताका क्रममा राउतले सरकारमा

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५
fb:mountain multiple mmtc

## प्रहरी र कर्मचारीलाई मेघा अस्पतालमा छुट

**काठमाडौं/मस–** बहालवाला प्रहरी कर्मचारी परिवार, अमर प्रहरी परिवार तथा पूर्वप्रहरी कर्मचारी र तिनका आश्रित परिवारका लागि ललितपुर महानगरपालिका–३ धोबीघाटमा रहेको मेघा अस्पतालले अस्पतालको सेवामा ५० प्रतिशतसम्म छुट दिने व्यवस्था गरेको छ। नेपाल प्रहरी श्रीमती संघ र मेघा अस्पताल प्रालिबीच काठमाडौंमा आयोजित एक समारोहकाबीच छुट सुविधासम्बन्धी उक्त सम्झौतापत्रमा हस्ताक्षर भएको छ। नेपाल प्रहरी श्रीमती संघको तर्फबाट अध्यक्ष श्रीमती कुसुमलता सिंह तथा मेघा अस्पतालको तर्फबाट अस्पतालका अध्यक्ष किशोरजंग राणा र चिकित्सा निर्देशक डा. इवराज सिम्खडाले सम्झौतापत्रमा हस्ताक्षर गरी आदान-प्रदान गरे । समारोहमा संघकी अध्यक्ष सिंहले शान्ति सुरक्षा तथा अपराध नियन्त्रणको अतिरिक्त प्राकृतिक प्रकोप, आपत्विपत्मा समेत आफ्नो ज्यानको प्रवाह नगरी सेवामा खटिएका प्रहरी कर्मचारी, अमर प्रहरी तथा पूर्वप्रहरी कर्मचारीले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गरी अस्पतालमा स्वास्थ्योपचार तथा औषधिका लागि छुट दिने गरी भएको सम्झौताप्रति कृतज्ञता व्यक्त गरिन् ।

### बद्नाम ...

हुन्छ कि कर्मचारी क्रियाशील हुनुपर्ने हो ?' थापापछि वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले संसदमा महासचिवले लेखेको पत्रको कतैबाट पनि बैधानिकता पुष्टि नहुने भन्दै त्यति स्पष्ट विषयमा लामो बहस आवश्यक नभएको टिप्पणी गरे ।

बहस सकिए लगत्तै संवैधानिक इजलासले अन्तरिम आदेश जारी गरेको हो । सर्वोच्चले जबराको निलम्बन 'निष्प्रभावी' हुने भनी संसद महासचिव भरतराज गौतमले दिएको पत्र तत्काल कार्यान्वयन नगर्नु/नगराउनु भनी अन्तरिम आदेश जारी गरेसँगै अवकाश अघि क्लिन चिट लिने जबराको चाहना पूरा नभएको हो ।

### शक्ति...

किरण गुरुङ आदि देखिएका छन् । त्यस्तै लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा पनि सत्तागठबन्धनका दलसँगै एमालेका आकांक्षीहरु मुख्यमन्त्रीको दौडमा देखिएका छन् । सातवटै प्रदेशमा सत्तागठबन्धनको स्पष्ट बहुमत नदेखिएकाले कुन पार्टीबीचको गठबन्धनमा सरकार बन्छ भन्ने निश्चित छैन । तरपनि नेताहरु मुख्यमन्त्री बन्ने रहर सहित धमाधम शक्तिकेन्द्र धाउन थालेका छन् ।

### सत्ताको...

सहभागी हुनेबारे नै छलफल गरेका छन् । उनीसँगको भेटलाई लिएर प्रधानमन्त्र देउवाले फेरि पनि बहुमत कायम राख्ने आशा गरेका देखिन्छ। जनमत पार्टीले प्रत्यक्षतर्फ एक र समानुपातिक पाँच गरी ६ सिट जितेको छ ।

अप्रत्यासित मत पाएको अर्को दल राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरुले त सरकारकै नेतृत्व गर्ने सार्वजनिक अभिव्यक्ति दिदै आएका छन् । अध्यक्ष रवि लामिछानेलाई यो पार्टीले प्रधानमन्त्रीकै रुपमा अगाडि सारेको थियो । यो पार्टीले प्रत्यक्षतर्फ सात र समानुपातिकमा १३ गरी २० सिट जितेको छ । तर सरकार बनाउन भने १३८ सांसद संख्या आवश्यक पर्छ । अर्थात् सरकार बनाउन आवश्यक संख्याको अत्यन्तै सानो संख्या भएपनि संसदीय समीकरणमा अर्थ राख्नेगरी चुनाव जितेका यी शक्तिहरुमा सत्ताको हतारो भने अरु जतिकै देखिन्छ ।

### सूर्य...

परामर्श संस्थाका सञ्चालकले वैदेशिक रोजगारीमा पठाइदिने भन्दै लाखौं रुपैयाँ ठगी गरेर फरार हुने गरेकाले न्यायमा समस्या रहेको विभागको बुझाइ छ । शैक्षिक परामर्श संस्थाले रोजगारीका नाममा करोडौं रकम असुल्ने गरेको पाइएपछि विभागले सार्वजनिक सूचनामार्फत उजुरी दिन पीडितहरूलाई यसअघि पटक-पटक आह्वान गरिसकेको छ ।

**माइग्रेसन सर्टिफिकेट हरायो**

मिति : २०७९।०७।१६ मा नयाँबानेश्वर बाट मेरो माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८१३३१३१०६ मा खबर गरिदिनुहोला ।

***रजिस्ट्रेसन नं. :-*** ७५७६१७०६२
(757617062)
***नाम थर :-*** अस्मिता धिताल
***ठेगाना :-*** बानेश्वर

## कीर्तिपुरबासीलाई सामुदायिक अस्पतालमा ५० प्रतिशत छुट

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २३ मंसिर

कीर्तिपुर नगरपालिकाकी उपप्रमुख शुभलक्ष्मी शाक्यले स्वास्थ्य सेवा सहज र सुलभ बनाउने बताएकी छन् । शुक्रबार कीर्तिपुरमा आयोजित पत्रकार सम्मेलनमा उनले सामुदायिक अस्पतालमा उपचार गराउँदा लाग्ने खर्चमा पचास प्रतिशत छुट गर्ने बताइन् । साथै उनले मोडेल अस्पतालमा उपचार गराउँदा लाग्ने खर्चमा पच्चीस प्रतिशत छुट दिइने जानकारी दिइन् । सो सेवाका लागि आवश्यक पर्ने सहुलियत कार्डको वितरण सम्बन्धित वडाबाट हुने गरेको शाक्यले बताइन् । यसैगरी नगरपालिकाका स्थायी बासिन्दालाई रगत आवश्यक परेको



समयमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्त सञ्चार केन्द्रले तत्काल उपलब्ध गराउने जानकारी दिइन् ।

'कीर्तिपुर सामुदायिक अस्पतालमार्फत नगरवासीलाई सहुलियत दरमा हेमोडाइलाइसिस गर्ने व्यवस्था छ, गर्भवती र सुत्केरी महिलालाई निःशुल्क क्याल्सियम, आइरन चक्की पनि वितरण गरिरहेका छौँ' शाक्य भनिन् । साथै नगरवासीका लागि निःशुल्क एम्बुलेन्स तथा शव वाहनको सुविधा प्रदान गरिएको उनको भनाइ थियो ।

शाक्यले नगरपालीकाको फोहोर व्यवस्थापन गर्नका लागि 'आई साइकल' लगायतका स्वदेशी एवं विदेशी संस्थासँग छलफल भइरहेको कुरा जानकारी गराइन् । उनले कीर्तिपुर नगरपालिका भित्रका साँस्कृतिक जात्रा पर्व र सम्पदाको संरक्षण गर्ने गरी नियमावली मस्यौदा तयार भइसकेको बताइन् । यसैगरी नगरपालिका भित्रका पौराणिक सम्पदालाई विश्व सम्पदा सूचीमा समावेस गर्न कुटनीतिक नियोगसँग छलफल भइरहेको उनले जानकारी दिइन् । 'आर्थिक वर्ष २०७९/०८० मा नगरपालिकामा रहेका सय जना पुरुष, चौरासी जना महिलालाई जेष्ठ नागरिक परिचयपत्र र बीस जना अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र वितरण गरेका छौँ' उनले भनिन् ।

**बारेकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लिम्सा, जाजरकोट**
**कर्णाली प्रदेश, नेपाल**

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

**ZERO COST RECRUITMENT IN MALAYSIA!!**
**मलेसियामा शुन्य लागतको रोजगार !!**

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क सेवा शुल्क, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानीर निःशुल्क यातायात, आवास र खाना (छनौंट पस्चात)

रोजगारदाता कम्पनी : **SDP MANUFACTURING SDN.BHD, Johor, Malaysia**
पूर्व स्वीकृत मितिः २०७९/०८/१९ | चलानी नं.: ६०१९२७२० | एल टी नं.: २७७१३३
Pre Approval Date:2022/12/05 | Reference No.: 60192720 | L.T. No.: 277133

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's | | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary | | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष Male | महिला Female | | रिङ्गिट MYR | ने.रु. NPR | | | | | | | |
| 1 | Factory Worker औद्योगिक कामदार | २०० 200 | 0 0 | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | १५०० 1500 | ४४,९१० 44,910 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन NO | छ Yes | दुई वर्ष 2 Years |

**SDP Manufacturing Sdn Bhd does not impose any Recruitment/Placement Fee For this Employment.**
**एसडिपी म्यानुफ्याक्चरिङ एसडिएन बिएचडीले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।**

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले व्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगारदाताले व्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने |

**Note (नोट):**
- आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
- Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
- प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
- Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Pre interview & Final Interview will be conducted from 16th December 2022 onwards in office premises.**
**प्रि–अन्तर्वार्ता र फाइनल अन्तर्वार्ता मिति २०७९ पुष १ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
Govt. Lic. No.: 609/062/063
Aakarshan Building, Shambhu Marga (Near Airport), Katmandu, Nepal
Email: publicrelation@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 4474178, 9801122306, 9801122300, 9801309456

**मलेसियामा रोजगार** | १. कम्पनीः **STRENGTH FORCE SECURITY & SERVICES SDN BHD**
शहरः **JOHOR**

पूर्व स्वीकृत मितिः २०७९/०८/२३ | चलानी नं.: ६०१९२९५१ | LT. No.: 277376

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Securiy Guard | 34 | 0 | स. काममा दक्ष | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ पुष ५ गते (20 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**NICE OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४
Dhobighat-3, New Colony, Lalitpur, Tel.: 5535529, 5523629, 9851193062
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np

**Malaysia मा रोजगार** 1. Mw Advantech Sdn. Bhd.
LT No. : 269227

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Production Operator | 1 | 0 | [illegible] | 1500 | ४४,६३८।- | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

2. Ask Food Affairs Sdn. Bhd.
LT No. : 277351

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Restaurant Crew | 10 | 0 | [illegible] | 1500 | ४४,६३८।- | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

अन्तर्वार्ता २०७९ पुष २ गते (17 Dec, 2022) यस प्रा. लि. को कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
महाकाल, बौद्ध, काठमाडौं, फोन: ०१-४९१००५७

Province Government
**Ministry of Physical Infrastructure, Urban Development & Transport Management**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
Baglung
Gandaki Province, Nepal

**Notice for Financial Proposal Opening**

(Date of Publication: 2079/08/24)

This is to notify to all the bidders for the following project that the opening of financial proposal shall take place on 2079/09/01 at 14:00 hrs. at Infrastructure Development Office, Baglung. Therefore, we would like to request all concerned bidders to attend the opening of the financial proposal.

| S.N. | Name of Project | Qualified Bidders (Technically Responsive) |
|---|---|---|
| 1 | Fabrication, Supply, Transportation, Construction & Erecting of Darling Nigalpani Suspended Trail Bridge ( Span=359 m ), Baglung District Contract No.: IDOBAGLUNG/NCB/W/TB/03/2079-080 | 1. Gorkha Construction Pvt.Ltd., Ramechhap 2. Lekhraj-Juction J/V, Battisputali, Kathmandu |

**Office Chief**

अन्तर्राष्ट्रिय मानव अधिकार दिवस

# ‘मानवअधिकार आफ्नै सुरक्षा, संरक्षण र पहिचानको खोजीमा’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ मंसिर




हरेक वर्ष डिसेम्बर १० तारिखमा विश्वभर मानवअधिकार दिवस मनाउने गरिन्छ। नेपालमा पनि ७४औं अन्तर्राष्ट्रिय दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ। नेपालमा मानवअधिकारका विषयमा संवैधानिक अधिकारको कुरामा बलियो अवस्थामा छ। तर त्यसको कार्यान्वयन र वास्तविक न्याय वा मानवअधिकारको अवस्थामा भने अझै सुधार आउन सकेको छैन।

सन् १९४८ मा संयूक्त राष्ट्रसंघको महासभाले मानव अधिकार घोषणपत्र पारित गरेको एतिहासिक दिवसको सम्झनास्वरुप हरेक डिसेम्बर १० का दिन यो दिवस मनाईन्छ। मानव अधिकार विश्वव्यापी घोषणापत्र संयुक्त राष्ट्रसंघको साधारण सभाले प्रस्ताव नं. २१७ क (३) बाट अनुमोदन गरि जारी भएको हो। यसमा ३० धाराहरू रहेका छन्।

घोषणापत्रमा सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुने उल्लेख छ। त्यसैगरि सबै ब्यक्तिहरू कानूनको दृष्टिमा समान हुने जस्ता विषय उल्लेख छ।

पछिल्लो समय बढ्दै गएको यौनजन्य हिंसा, हत्या तथा द्वन्द्वका पीडितहरुले अझै न्याय पाउन सकेका छैनन्। यस्तै अरु सामाजिक न्याय प्राप्त गर्ने विषयमा समेत समस्या देखिएको छ। युद्धका पीडितहरुको न्यायका लागि गरिएको ढिलासुस्ती नेपालको न्याय र मानवअधिकारको क्षेत्रमा कमजोर पक्ष बनेका छन्। नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता भएको लामो समय हुँदा समेत द्वन्द्वपीडित अझै न्यायको खोजीमा छन्।

प्रत्यक्ष सहभागी नभएको तर द्वन्द्वमा आफन्त मारिएका र बेपत्ता भएका परिवार अझै पीडामा छन्। द्वन्द्वपीडित परिवारलाई सरकारले अन्तरिम राहतस्वरुप रकम त वितरण गरेको छ। तर पीडकले सजाय पाएका छैनन्।

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा शुभकामना सन्देश दिएकी छिन्।

यस्तै प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारका नीति तथा कार्यक्रमहरू निर्माण गर्दा मानव अधिकारलाई केन्द्रविन्दुमा राख्दै कार्य गर्दै आइएको उल्लेख गरेका छन्। मानवाधिकार दिवसका अवसरमा शुभकामना सन्देशमार्फत उनले नेपालको संविधानले विश्वव्यापी रूपमा स्वीकार गरिएका मानव अधिकारअन्तर्गतका प्रायः सबै अधिकारलाई मौलिक हकका रूपमा स्वीकार गरी संवैधानिक प्रत्याभूति गरेको बताएका छन्। ती अधिकारको हनन भएमा सक्षम र स्वतन्त्र न्यायपालिकाबाट प्रभावकारी उपचार पाउने कुरालाई संवैधानिकरूपमा नै सुनिश्चित गरिएको समेत उल्लेख गरेका छन्।

प्रधानमन्त्री देउवाले मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानून निर्माण भई कार्यान्वयनमा आइसकेका समेत जनाएका छन्। सन् १९४८ को डिसेम्बर १० मा संयुक्त राष्ट्रसंघको महासभाले मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको दिनको सम्झनामा प्रत्येक वर्ष आजको दिनलाई विश्व समुदायले मानव अधिकार दिवसका रूपमा मनाउँदै आएको छ। नेपालमा पनि यस अवसरमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी यो दिवस मनाइँदैछ।

प्रधानमन्त्री देउवाले विश्व मानव अधिकार दिवसको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली, मानव अधिकारकर्मी संघसंस्था, नागरिक समाज, पत्रकारलगायत सम्बन्धित सबैमा शुभकामना व्यक्त गरेका छन्। ‘मानव अधिकार मानव मात्रको नैसर्गिक अधिकार हो। मानव प्राणी भएको नाताले मानवले निर्बाध उपभोग गर्न पाउने सम्पूर्ण हक अधिकार यसअन्तर्गत पर्दछन्। मानव अधिकार लोकतान्त्रिक शासन व्यवस्थाको अभिन्न अङ्ग हो। मानव अधिकार विनाको लोकतन्त्र अपूर्ण हुन्छ। यस विशेष अवसरमा म मानव अधिकारको संरक्षण, संवर्द्धन र कार्यान्वयनप्रति नेपाल सरकारको पूर्ण प्रतिबद्धता व्यक्त गर्न चाहन्छु’, प्रधानमन्त्री देउवाले शुभकामना सन्देशमा उल्लेख गरेका छन्।

संयुक्त राष्ट्र संघको सदस्य भएपश्चात् मानव अधिकारका महत्वपूर्ण अन्तर्राष्ट्रिय अभिसन्धि तथा अनुबन्धहरूको नेपाल पक्षराष्ट्र बनिसकेको छ। तदनुसार मानव अधिकारसम्बद्ध अन्तर्राष्ट्रिय अभिसन्धि तथा अनुबन्धहरूको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकार एकातिर दृढ प्रतिबद्ध रहँदै आएको छ। अर्कोतिर मानव अधिकारसम्बद्ध अन्तर राष्ट्रिय कानूनी व्यवस्थाहरूअनुरुप कानूनमा सुधार र संयोजन गर्ने तथा मानव अधिकारका विश्वव्यापी मान्यता र सिद्धान्तहरूलाई हाम्रो कानूनमा क्रमशः आन्तरिकीकरण गर्ने कार्य पनि हुँदै आएको उनले उल्लेख गरेका छन्।

## ‘सुरक्षा, संरक्षण र पहिचानको खोजीमा’

स्थानीय तहले मानवअधिकार रक्षकको अभिलेख राख्नुपर्ने व्यवस्था समेटेर कानूनी ढाँचाको मस्यौदा तयार भएको छ। ७४औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भमा अन्तर राष्ट्रिय मानवअधिकार रक्षक दिवसको अवसरमा आयोजित मानवअधिकार रक्षकको अवस्था र रक्षकका अधिकार संरक्षण तथा संवर्द्धनका लागि राष्ट्रिय कानूनको अपरिहार्यता विषयक अन्तरक्रियामा यस्तो जानकारी दिइएको हो।

राष्ट्रिय मानवअधिकार आयोग संवर्द्धन तथा वकालत महाशाखाका निमित्त प्रमुख दीपेन्द्रबहादुर सिंहले मानव अधिकार रक्षकका अधिकारको संरक्षण र सुरक्षासम्बन्धी कानूनी ढाँचाको मस्यौदा प्रस्तुतीकरण गर्दै संघ, प्रदेश तथा स्थानीय तहले गर्नुपर्ने दायित्व र कामको बारेमा जानकारी दिए। अन्तरक्रियामा आयोगका अध्यक्ष तपबहादुर मगरले ‘मानवअधिकार रक्षकको अवस्था अध्ययन प्रतिवेदन-२०७९’ सार्वजनिक गरेका थिए। मानव अधिकार रक्षकहरू पीडितको पक्षमा काम गर्दै गर्दा उनीहरूको काम र पहिचान उपर कुनै वास्ता नराखिएको र उनीहरूले पुऱ्याएको योगदान उपर कहीँ कतैबाट मूल्याङ्कन नभएको भनी व्यापक जनगुनासाहरू समेत सार्वजनिक हुँदै आएको उनले बताए।

मानवअधिकार उल्लंघनका पीडितको संरक्षण गर्ने सवालमा अहोरात्र खटिने मानव अधिकार रक्षक स्वयं आफ्नै सुरक्षा, संरक्षण र उपयुक्त पहिचानको खोजीमा रहेको देखिएको उनको भनाइ थियो। आयोगका अध्यक्ष मगरले भने, ‘मानवअधिकार रक्षकहरूको सुरक्षा, संरक्षण र पहिचानको अभाव खड्किरहेको विद्यमान परिवेशमा मानवअधिकार रक्षकको संरक्षण र संवर्द्धनसम्बन्धी कानून निर्माण गरी प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याउनु आजको आवश्यकता हो।’

प्राध्यापक कपिल श्रेष्ठले मानवअधिकार रक्षकहरू समाजले धेरै अपेक्षा गर्ने शक्ति भएको बताए। ‘मानवअधिकार रक्षकसँग समाजले धेरै अपेक्षा गरेको हुन्छ, ऊ कसैलाई पनि अन्याय हुन नदिने व्यक्ति हो।’

# ‘भ्रष्टाचार नियन्त्रणका लागि समन्वयात्मक प्रयत्न हुन जरुरी’




**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचारविरुद्धका राष्ट्रिय कानून, नीति र रणनीतिको तर्जुमा तथा कार्यान्वयन मूल्याङ्कनमा सरकारी तथा गैरसरकारी निकायको समन्वयात्मक प्रयत्न हुन जरुरी रहेको बताएका छन्। भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा शुक्रबार आयोगले आयोजना गरेको कार्यक्रममा उनले भ्रष्टाचार नियन्त्रण तथा सदाचार प्रवर्द्धन गरी सुशासन कायम गर्ने राज्यको नीतिलाई व्यवहारमा रूपान्तरण गर्न आवश्यक रहेकामा जोड दिए। उनले यसका लागि तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत् एवं आम नागरिक समुदाय सबैसँग समन्वय र सहकार्य गर्दै अघि बढ्ने विश्वास र दृढताका साथ सम्पूर्ण सरोकारवालाबाट निरन्तर सहयोग र सहकार्यको अपेक्षा गरे।

प्रमुख आयुक्त राईले आयोगले भ्रष्टाचारयुक्त कार्यको अनुसन्धान र अभियोजनलाई अझ बढी प्रभावकारी बनाउँदै जाने क्रममा सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै जाने नीति अख्तियार गरेको उनले जानकारी दिए। ‘भ्रष्टाचारको दृष्टिले उच्च जोखिमयुक्त क्षेत्रमा विशेष निगरानी बढाउनुको साथै जोखिममा आधारित अनुसन्धान पद्धति कार्यान्वयन गर्ने गरेको छ। जोखिमयुक्त क्षेत्रमा अग्रसरतापूर्वक निगरानी गरी भ्रष्टाचारजन्य क्रियाकलापको अनुसन्धान र अभियोजन गर्ने गरिएको छ। सार्वजनिक निकायमा संस्थागत सदाचारिता अभिवृद्धि गर्ने र भ्रष्टाचारका उजुरीउपर तथ्य र प्रमाणका आधारमा वस्तुगत, दक्षतापूर्ण एवं प्रभावकारी अनुसन्धान एवं अभियोजन गरी भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्न आयोग प्रतिबद्ध रहँदै आएको छ’, प्रमुख आयुक्त राईले भने।

कार्यक्रममा नेपाल सरकारका मुख्यसचिव शङ्करदास वैरागीले भ्रष्टाचार नियन्त्रण गरी सबै एकबद्ध भएर सुशासनका लागि प्रतिबद्धता हुनुपर्ने बताए। उनले भ्रष्टाचार र अनियमितताले जनतामा नैराश्यकता पैदा हुने भएकाले सबै मिलेर यसलाई नियन्त्रण गरी सार्वजनिक सेवालाई पारदर्शिता, जनउत्तरदायी र सहज पहुँचयोग्य बनाउनुपर्नेमा जोड दिए।

मुख्यसचिव वैरागीले भ्रष्टाचार नियन्त्रण राज्यको कुनै एउटा अङ्ग वा निकायको जिम्मेवारीले मात्र सम्भव नहुने भएकाले भ्रष्टाचारविरुद्धको अभियानमा राज्यका सबै संयन्त्र, अदालत, नागरिक समाज र सञ्चार क्षेत्र लगायतको पनि उत्तिकै प्रतिबद्धता र सक्रियता आवश्यक पर्ने उल्लेख गरे। सरकारी कामलाई चुस्त र प्रभावकारी बनाउँदै विकास निर्माणका कार्यलाई निर्धारित लागत र समयमै सम्पन्न गरी आम नागरिकलाई सुशासनको अनुभूति दिलाउनु आजको सर्वोपरि आवश्यकता रहेकामा उनको जोड थियो।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००३ मा भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि पारित गरेको र नेपाल पनि उक्त सन्धिको पक्ष राष्ट्र भएकोले सुशासनप्रतिको आफ्नो प्रतिबद्धता एवं ऐक्यबद्धता प्रकट गर्न हरेक वर्ष डिसेम्बर ९ का दिन यो दिवस मनाउने गरिएको छ।

कार्यक्रममा ट्रान्सपरेन्सी इन्टरनेशनलका अध्यक्ष पदमिनी प्रधानाङ्गले भ्रष्टाचार नियन्त्रणमा राज्यका तर्फबाट धेरै काम भएपनि अझै पनि स्वार्थको द्वन्द्व, सुराकी संरक्षण, अन्तर्राष्ट्रिय संगठित अपराध, पीडित, साक्षी तथा विशेषज्ञको संरक्षण कानून, कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) कानून बन्न बाँकी रहेको बताइन्।

रणनीतिमा ‘सार्वजनिक पदाधिकारीको नियुक्ति, बढुवा तथा अवकाशसम्बन्धी व्यवस्थालाई वस्तुगत र पारदर्शी बनाउने’ गरिए पनि व्यवहारमा त्यसअनुरुप काम भएको नपाइने गरेको उल्लेख गर्दै ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले राजनीतिक भ्रष्टाचार र सार्वजनिक पदको दुरुपयोगमा हुने गरेका भ्रष्टाचारका विषयलाई नियमित उठाउँदै आइरहेको जानकारी गराइन्। अध्यक्ष प्रधानाङ्गले संसद्मा पुगेका व्यापारी-व्यवसायीलाई स्वार्थ जोडिएको विषयमा नबोल्न, संसदीय समितिमा नरहन र आफ्नै व्यवसायसँग मेलखाने कानून संशोधन प्रक्रियामा सामेल नहुन पनि आग्रह गरिन्। उनले कानून निर्माता संसद्ले ‘स्वार्थको द्वन्द्व’ सम्बन्धी विषयमा सजग रहन र स्वार्थ जोडिएका विषयमा पूर्वघोषणाका निम्ति संसद्को नियमावलीमै व्यवस्था गर्न आग्रह गर्दै त्यस अतिरिक्त सांसदका निम्ति आचारसंहिता अनिवार्य गरिनुपर्ने र आचार-संहिता कार्यान्वयन भए वा नभएको हेर्न ‘आचरण समिति’ क्रियाशील तुल्याइनुपर्नेमा जोड दिइन्। आयोगका सचिव डा. रामप्रसाद घिमिरेले नेपाल भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भई त्यसअन्तर्गतका प्रतिबद्धतामा रहेर भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न कार्यक्रम गर्दै आएको बताए।

**बारेकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**बारेकोट गाउँपालिकाबासीहरुमा सादर अनुरोध**

यस गाउँपालिका सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक तथा राजनीतिक पक्षको विकासमा निरन्तर रुपमा योजनाबद्ध तबरले कार्यसञ्चालन गर्दै आएको छ ।

आर्थिक, भौतिक र सामाजिक पक्षको विकासका साथै मानवीय पक्षको विकासलाई एकैसाथ लैजान अपरिहार्य हुन्छ । आजको बालबालिकाले नै भविष्यमा समाजको नेतृत्व गर्दै समृद्ध समाज निर्माणमा सहयोग गर्छन् ।

बालबालिकाहरुका लागि आवश्यक पर्ने सेवाहरुको गुणस्तरमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न बालबालिकाहरुलाई वर्तमानमा नै साझेदार बनाई सभ्य र दक्ष जनशक्तिसहितको समृद्धि बनाउन बालबालिकाहरुमा लगानी गर्दै बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न २०७६ पुसबाट बालमैत्री स्थानीय शासन घोषणान्मुख अभियान यस गाउँपालिकामा सञ्चालन भई रहेको हामीलाई सर्वविदितै छ ।

- ❖ जन्मदेखि ६ महिनासम्मका बालबालिकाहरुलाई अन्य कुरा नखुवाई आमाको दुधमात्र खुवाऔं ।
- ❖ सबै बालबालिकाहरुलाई पोषणयुक्त खानेकुरा खुवाऔं ।
- ❖ ५ वर्ष मुनिका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाऔं ।
- ❖ गर्भवती आमाहरुलाई गर्भावस्थामा नियमित ४ पटक गर्भजाँच र प्रसुति पनि स्वास्थ्य संस्थामा नै दक्ष स्वास्थ्यकर्मीबाट गराऔं ।
- ❖ सुत्केरी पश्चात आमा र नवजात शिशुको तीन पटक स्वास्थ्य जाँच अनिवार्य गराऔं (२४ घण्टामा, ३ दिनमा र ७ दिनमा) ।
- ❖ गर्भावस्थामा र सुत्केरी भएको पैतालिस दिनसम्म २२५ वटा आइरन चक्की नबिर्सि खुवाऔं ।
- ❖ चर्पीको प्रयोग गरौं, खाना पकाउन र खान अगाडि दिसा गरेपछि, बालबालिकाको दिसा धोएपछि, साथै फोहोर बस्तु छोएपछि साबुन पानीले मिचीमिची हात धुने बानी बसालौं ।
- ❖ पाँच वर्ष पुगेको सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय भर्ना गराऔं ।
- ❖ आफ्ना छोरीछोरालाई कम्तिमा पनि कक्षा आठसम्मको शिक्षा दिऔं ।
- ❖ आफू र आफ्ना बालबालिकाहरुको सरसफाईमा विशेष ध्यान दिऔं ।
- ❖ घरपरिवारमा र समुदायमा हुने निर्णय प्रक्रियामा बालबालिकाहरुको अर्थपूर्ण सहभागिता गराउँदै आफ्ना छोरीछोराहरुलाई जिम्मेवार बन्ने अवसरको सृजना स्वयम् अभिभावकहरु आफैंबाट सुरुवात गरौं ।
- ❖ स्थानीय तहका सबै क्षेत्र र निकायहरुमा बालबालिकाहरुको अर्थपूर्ण सहभागिता गराई बाल अधिकारको सुनिश्चितता गरौं ।
- ❖ बालमैत्री संरचना र पूर्वाधारको निर्माण गरौं ।
- ❖ छोरीछोरालाई पूर्णरुपमा बालमैत्री वातावरणमा हुर्कने अवसर प्रदान गरौं र बालमैत्री स्थानीय शासनयुक्त यस गाउँपालिका बनाउँदै सभ्यताको परिचय दिऔं ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**तेस्रो पटक प्रकाशित मितिः २०७९/०८/२४**

**अर्काडिया नेपाल प्रा.लि.**को मिति २०७९/०८/२० गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एयरवेज कार्गो एण्ड कुरियर प्रा.लि. (प्रा. लि. नं.: १०५११४)** कायम गर्ने गरी मिति २०७९/०८/२१गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**इटहरी क्यानल सोलार पावर प्रा.लि. कम्पनी खारेजी गर्ने सम्बन्धी लिखित उद्घोष**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०९/२९ मा दर्ता भएको **प्रा.लि. नं. २०६५३७/२०७५/०७६** को **इटहरी क्यानल सोलार पावर प्रा.लि.**को मिति २०७९/०८/२३ गतेको विषेश साधारण सभा बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३, ईमेल :** rokayasherbahadur723@gmail.com

**गेरुवा गाउँपालिका**
**Geruwa Rural Municipality**
**गाउँकार्यपालिकाको कार्यालय**
**Office of the Rural Municipal Executive**
**पशुपतिनगर, बर्दिया, लुम्बिनी, प्रदेश, नेपाल**
**Pashupatinagar, Bardiya, Lumbini Province**

**ठेक्काको म्याद थप भएको सुचना**

**प्रकाशित मिति : २०७९/०८/२३**

उपरोक्त सम्बन्धमा यस गेरुवा गाउँपालिकाले मिति २०७९/७/२३ गते आह्वान गरेको ठे.नं. **W/GRM/NCB/09/2079-080 (Construction of four room building at Nepal rastriya Ganesh Ma.Vi. Geruwa-6, prasenipur)** योजनाको अन्तिम दिन अर्थात २०७९/०८/२३ गते प्राविधिक समस्या आई विद्युतिय खरिद प्रणाली प्रयोग कर्ताहरुको सहज पहुँच हुन नसकेको हुँदा उक्त ठेक्का (बोलपत्र) को म्याद थप गरी मिति २०७९/०८/२८ गते दिउँसो १२ :०० बजेसम्म म्याद कायम गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## विचार

*सन्दर्भ : अन्तराष्ट्रिय मानवअधिकार दिवस*

# मानव अधिकारको अवस्था

विश्वका विकसित र ठूला भनिएका तथा मानव अधिकारको रक्षक भनिएका देशहरुमा पनि मानव अधिकारको गम्भीर उल्लंघन भएको पाउँछौ । जहाँ कालो रंगका जातिका बालबालिकाको स्कुल बेग्लै र गोह्रो जातिका बालबालिकाको स्कुल अलग्गै छन् । अस्पताल यातायात रेष्टुरेन्ट क्लब र रहनसहन पनि अलग्गै गरिएका छन् । यी देशहरुमा कालो वर्णहरुलाई छुट्टै व्यवहार गर्ने गरिन्छ । अल्पसंख्यकमाथिको अन्याय र अत्याचार अनि विभेद त सामान्य नै मानिन्छ ।



■ प्रो. मोहम्मद रमजान अली मियाँ

आज डिसेम्बर महिनाको १० तारिख अर्थात् अन्तर्राष्ट्रिय मानव अधिकार दिवस । सन् १९४८ मा संयुक्त राष्ट्र संघको महासभाले मानव अधिकार घोषणापत्र पारित गरेको ऐतिहासिक दिनको सम्झनास्वरूप यो दिवस मनाउने गरिएको हो । यसै दिनलाई स्मरण गर्दै संयुक्त राष्ट्र संघको अगुवाइमा हरेक वर्ष मानव अधिकारको दिनको रूपमा मनाइने गरिन्छ । विश्वमा मानव अधिकार घोषणापत्र सबैभन्दा बढी भाषामा अनुवादित तथा प्रकाशित भएको घोषणा पत्र हो । पछिल्लो तथ्यांकअनुसार यो घोषणा पत्र पाँच सयभन्दा बढी भाषामा अनुवादित भइसकेको छ । यस दिनको अवसरमा विश्वभर विभिन्न कार्यक्रमहरुको आयोजना गरी अनेकौं सभा सम्मेलन, गोष्ठी र सेमिनारहरु सम्पन्न हुन्छन् ।

मानव अधिकार विश्वका सबै मानवले उपयोग गर्न पाउने नैतिक तथा कानुनी अधिकार हो । यी अधिकार मानवलाई मानव अधिकार घोषणापत्र १९४८ द्वारा दिइएको हो । यस दिनको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा, मानव अधिकारलाई शान्ति, स्वतन्त्रता र विकासको मुल आधारका रूपमा संयुक्त राष्ट्र संघको महासभाले १० डिसेम्बर १९४८ का दिनदेखि हरेक वर्ष १० डिसेम्बरमा मानव अधिकार दिवसको रूपमा मनाउदै आएको छ । यद्यपि मानव अधिकारको संरक्षण गर्ने कर्तव्य राज्यमा रहेको हुन्छ र यसको साथसाथै राज्यले कानुनी उपचारको पनि सुनिश्चितता गरेको छ । नेपाल सन् १९५५ मा यसको अर्थात् संयुक्त राष्ट्र संघको सदस्य बनेको हो । नेपालको संविधान, २०७२ को भाग ३ को धारा १६ देखि ४६ सम्म रहेको मौलिक अधिकारहरुमा पनि मानवसँग सम्बन्धित अधिकारहरु रहेका छन् । यसको इतिहास मानव सभ्यता जतिकै पुरानो छ ।

हामी २१ औं शताब्दीमा रहिरहँदा हिजो आज जतासुकै मानव अधिकारको विषयलाई उठान गर्ने गरिन्छ । बडो जोश र उल्लासका साथ अनेकौं नारा लगाइन्छन् । थुप्रै कार्ययोजनाहरु तयार पारिन्छन् । तर, पनि के कारण हो कुन्नी यो मानव जाती फेरि पनि पीडामा नै पिल्सिएर जीउन बाध्य छ । संसारमा घट्ने र घट्दै आएका हंशसमेत काप्ने अनेकौं प्रकृतिका घटनाहरुले निरन्तरता पाएका नै छन् । विभिन्न बहानामा मानिसले विभिन्न प्रकारका थिचोमिचोको सामना गर्नु नै परेको छ । अरु त अरु मानिसको जिउने नैसर्गिक अधिकारसमेत खोस्न बाँकी राखिएको छैन । सबैको निम्ति दुःखद विषय जसले अनेकन बहानामा प्रस्रय पाइरहेको छ, त्यो भनेको नारी स्वतन्त्रताको नाउँमा नारीको अपमान र नारीमाथिको अन्याय अनि अपराध रोकिने नाम नै छैन । आफ्नो विचार र सोंचलाई अन्यमाथि जबरजस्ती लागु गराउन खोज्ने कार्यले स्वतन्त्र मानवको अधिकारको गम्भीर उल्लंघन भएको छ । निषेधको राजनीति गर्नु र अरुको विचारको कदर नगरिनु अर्को दुःखद विषयका रूपमा हामी माझ विद्यमान नै छ । बलियोले कमजोरमाथि आज पनि एक प्रकारको शासन गरी नै रहेको छ । उसको स्वतन्त्रताको खिल्ली उडाइरहेको छ । विश्वका विकसित र ठूला भनिएका तथा मानव अधिकारको रक्षक भनिएका देशहरुमा पनि मानव अधिकारको गम्भीर उल्लंघन भएको पाउँछौ । जहाँ कालो रंगका जातिहरुका बालबालिकाको स्कुल आज पनि गोह्रो जातिकाहरुका बालबालिकाको स्कुल अलग्गै छन् । अस्पताल यातायात रेष्टुरेन्ट क्लब र रहनसहन पनि अलग्गै गरिएका छन् । यी देशहरूमा कालो वर्णहरुलाई छुट्टै व्यवहार गर्ने गरिन्छ । अल्पसंख्यकमाथिको अन्याय र अत्याचार अनि विभेद त सामान्य नै मानिन्छ । यी सबै पक्षहरुलाई हेर्दा, यस्तो लाग्दछ कि वर्षको एक दिन मानव अधिकारको लागि र बाँकी तीन सय ६४ दिन भने मानव अधिकार उल्लंघनको लागि हो । मानव अधिकारको विषयमा जे-जस्ता कमि कमजोरी र यसको कार्यान्वयन पक्षमा ढिलासुस्ती देखिएको छ, त्यसमा यसको प्रवर्द्धन र विकासमा लागेका संघ संस्था जति जिम्मेवार छन् त्यत्तिकै जिम्मेवार हामी नागरिक पनि छौं र सम्बन्धित देशका जनता पनि छौं । तसर्थ, हामीले सामान्यतयाः मानव अधिकार के हो भन्ने कुरा बुझ्न जरुरी छ ।

सरल भाषामा कुनै व्याख्या विना भन्नु पर्दा मानव अधिकार मानिसको



जन्मसिद्ध अधिकार हो । मानिसलाई मानवोचित किसिमले जीवनयापन गर्न आवश्यक पर्ने अधिकार नै वास्तवमा मानव अधिकार हुन् । विभिन्न मानवहरुको जमात र समूह मिलेर नै समाजको निर्माण भएको हुन्छ । फलस्वरूप समाजको आवश्यकताअनुसार नै सबैले समानरूपमा मानवोचित व्यवहार प्राप्त गर्नुपर्दछ भन्ने विश्वव्यापी मान्यतालाई मानव अधिकारले सम्बोधन गर्दछ । हरेक मानव उसको जन्मपश्चात स्वतन्त्रताको खोजी गर्दछ । किनकी उ स्वतन्त्र जन्मिएको हुन्छ । उसको अवस्थामा पछि आएको वा आउने परिवर्तनमा अन्य कसैको भूमिकालाई नकार्न सकिन्न । मानव अधिकारले मानिसको स्वतन्त्रता र अमन चयन आनन्द प्राप्ति हरेक व्यक्तिका नैसर्गिक अधिकार हुन् भन्ने कुरालाई सिद्ध गर्दै यसको प्रवर्द्धनमा जोड दिन्छ । राष्ट्रिय मानवअधिकार आयोगको ऐन २०६८ को दफा २ च बमोजिम हामी नेपालीले नेपालको परिप्रेक्ष्यमा यसबारे बुझ्नु पर्दा एकदमै सादा र स्पष्ट भाषामा भन्दा मानिसको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित नेपालका राष्ट्रिय कानून र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धि अन्तर्राष्ट्रिय कानुनहरुले प्रदान गरेका अधिकारहरुलाई मानव अधिकार भनिन्छ । मानव अधिकार भन्नाले व्यक्तिको जीवन स्वतन्त्रता समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्दछ र सो शब्दले नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारसमेतलाई जनाउँछ । मानव भएर जन्मेको आधारमा मानवलाई दिइने अधिकार नै मानव अधिकार हो । यस धर्तीमा जन्मेका सबै मानवले यो अधिकार पाउँछन् ।

कानूनतः अधिकारबाट कुनै जातजाति, लिङ्ग, समुदाय, अल्यसंख्यक, पिछडिएको वर्ग, जनजाति आदि भनेर अधिकारबाट बन्चित गरिएका छैनन् । मानिसलाई मानवीय मूल्य र प्रतिष्ठाका साथ जीवनयापन गर्न आवश्यक पर्ने अधिकार नै मानव अधिकार हो । त्यसैले मानिसको यस अधिकारलाई जन्मसिद्ध अधिकार भनिन्छ । यस अधिकारभित्र शिक्षा प्राप्त गर्ने अधिकार, बाँच्न पाउने अधिकार, स्वास्थ्य उपचार प्राप्त गर्ने अधिकार, आवतजावत गर्न पाउने अधिकार इत्यादि पर्दछन् । मानव अधिकारहरु सबैका लागि बराबर हुन्छ, चाहे त्यो जुनसुकै लिंग, धर्म, जाति, राजनीति, वा अन्य विचार, राष्ट्र वा सामाजिक उद्‌गमका जो सुकै होउन् । हामी सबै स्वतन्त्ररूपमा जन्मेका हौं र मर्यादा अनि अधिकारमा बराबर छौं - मानव अधिकार भनेको “विश्वव्यापी” हुन्छ । मानव अधिकार विश्वव्यापी यो अर्थमा हुन्छ कि ती अधिकारहरु संसारका सबैलाई एकैरूपमा लागु हुन्छन् ।

कसैको मानव अधिकार कसैले खोस्न सकिन्न, कसैले पनि कसैलाई कुनै कारणको आधार बनाई मानव अधिकारबाट बञ्चित गर्ने अधिकार हुँदैन । मानिसहरुसँग त्यस बखत पनि मानव अधिकार हुन्छ, जुन समयमा उनीहरुको देशका कानूनहरुले मानव अधिकारलाई अंगिकार गरेको हुँदैन, अथवा ती देशहरुले मानव अधिकारको उल्लघंन गरेका हुन्छन् । उदाहरणका लागि जब दासत्व वा दासी प्रथा चलेको देश वा समाजमा, दासीहरुलाई समेत मानव अधिकार हुन्छ, यद्यपी दासी प्रथामा मानव अधिकारको उल्लंघन भएको हुन्छ - मानव अधिकार भनेको मानिसबाट ‘छुट्टाएर हेर्न’ मिल्दैन । सम्मानपूर्वक बाँच्नका लागि, सबै मानिसहरु स्वतन्त्रता, सुरक्षा साथै उच्चस्तरको जीवनयापन गर्ने अधिकार राख्दछन्- मानव अधिकार ‘अविभाज्य’ हुन्छ । मानव अधिकार भनेको सबै मानवको जन्मजात अधिकार हो । मानव अधिकारमा जीवन र स्वतन्त्रताको हक, यातनाबाट स्वतन्त्रता, काम गर्ने र आफुले रोजेको शिक्षा पाउने अधिकार र अन्य धेरै समावेश छन् । मानव अधिकार मूल अधिकार र स्वतन्त्रता हुन्, जुन संसारमा प्रत्येक व्यक्तिसँग सम्बन्धित छ । माथि उल्लेख गरे झैं मानव अधिकार मानिस भएर जन्मेकै कारण जन्मनासाथ स्वतः पाउने अधिकार हो । यो कसैले कसैलाई चाहेर वा नचाहेर लिने दिने विषय होइन् । यसैगरी यो किन्न सकिने कमाइने वा पैतृकरूपले प्राप्त गर्ने कुरा पनि होइन । यी अधिकारहरु मानवमा सन्निहित हुन्छन् । किनभने उनीहरु मानिस हुन् ।

मानव अधिकार प्रत्येक मानवको अविछिन्न अधिकार हो । मानव अधिकार अविछिन्न हुन्छ किनभने हामी सबै मानिस अधिकारसहित जन्मेका हुन्छौं । मानव अधिकार भनेको मानव जीवनसँग जोडिएको विषय हो । मान्छेको बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु यसको महत्वपूर्ण उद्देश्य हो । त्यसैले यसलाई मानिसको जन्मसिद्ध अधिकार, प्राकृतिक अधिकार, नैसर्गिक अधिकार तथा आधारभूत अधिकार पनि भन्ने गरिन्छ । मानव अधिकार आयोग ऐन, २०६८ अनुसार ‘मानव अधिकार भन्नाले व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्धारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धि अन्तराष्ट्रिय सन्धि, सम्झौतामा निहित अधिकार सम्झनुपर्छ ।’ सबैजना आधारभूत मानव अधिकारहरू के-के हुन् भन्नेमा एकमत छैनन् । यहाँ केही अत्यावश्यक अधिकारहरु छन् : जीवन जिउने अधिकार, आफ्नै निम्ति काम गर्न पाउनु पर्ने अधिकार (दास हुन नपर्ने), सम्पतिमाथिको अधिकार, बोल्ने स्वतन्त्रताको अधिकार, ज्यानको सुरक्षा, कुनै देशको नागरिक हुन पाउनु, मताधिकार, उचित शिक्षाको अधिकार, स्वतन्त्र विचार राख्न पाउने अधिकार, स्वतन्त्ररूपमा विचार व्यक्त गर्न पाउने, रोजगार गर्न पाउने, संयुक्त राष्ट्र संघीय मानवअधिकार (सन् १९४८)अनुसारका सम्पुर्ण अधिकार इत्यादि हुन् ।

मानव अधिकार मानव जीवनका लागि अत्यावश्यक विषय हो । यदि हाम्रो अधिकारको हनन् हुन्छ भने सहेर होइन, लडेर जानुपर्छ । अधिकारको हनन् गऱ्यो भने, गल्तीको सिर्जना हुन्छ र त्यस्तो हनन् गर्ने व्यक्तिलाई कानुनबमोजिम सजाय हुन्छ । संविधानमा व्यवस्था भएका कुनै पनि हक तथा अधिकारको हनन् भयो भने संवैधानिक उपचारको हक अवलम्बन गरेर आफ्नो हक तथा अधिकार सुरक्षित गर्न सक्छौं । त्यसकारण आफ्नो हक, अधिकारको सुरक्षा सँगसँगै अरुको अधिकारको पनि हनन् गर्नु हुँदैन् र संविधानमा नै व्यवस्था गरिएका नागरिकको कर्तव्यको पनि सदैव हामीले पालना गर्नुपर्छ ।

***(मोहम्मद रमजान हाल राष्ट्रिय मानव अधिकार आयोग कतारमा आवद्ध छन् ।)***

## कविता



### सुकुम्बासी !

**- बलराम तिमिल्सिना**

बिना पैसा राजधानीमा
या राजधानीको वरिपरि
स-सम्मान बस्न
कि त बालुवाटार हान्ने पहुँच हुनुपर्‍यो
कि त रामदेव बाबा
कि त तपोवनको मालिक हुनु पर्‍यो
नाथे तिमीहरू को हौ
राजधानीका खोला किनारमा
डरै नमानी ढसमस्स बस्ने हँ ?
तिमीहरूलाई थाहा छैन
यो राजधानी तिमीहरूको होइन
त्यसो त यो देश पनि तिमीहरूको होइन
सुकुम्बासीको कुनै देश हुँदैन
सुकुम्बासीहरू नागरिक पनि हुँदैनन्
बढीमा मतदाता मात्र हुन्छन् ।
यो धनीमानीहरूको सहरमा
यो माननीय सम्माननीयहरूको नगरीमा
तिमी मान सम्मान हराएकाहरू
तिमी हरितन्नम सुकुम्बासीहरू
कसको आदेशले, कसको मर्जीले
र कुन मुटुले त्रिपाल टाँग्न आयौ हँ ?
तिमीहरू त गुफामा बस्नुपर्ने
कन्दमुल खानुपर्ने
रुखका बोक्रा लगाउनु पर्ने
या नाङ्गै भुतुङ्गै बस्नुपर्ने
राजधानी रमाइलो हुन्छ भन्दैमा
राजधानी घमाइलो हुन्छ भन्दैमा
राजधानीको रूप बिगार्न आउने ?
राजधानीको धूप बिगार्न आउने ?
तिमीहरू त
जीवन जल नपाएर मर्नु पर्नेहरू
तिमीहरू त
सिटामोल नपाएर सिलटिम्मुर खानु पर्नेहरू
तिमी भरियाहरू, हलियाहरू, ढाक्रेहरू
गिटी कुट्नेहरू, ठेला ठेल्नेहरू
तिमीहरू लाजै नमानी
डरै नमनी
हाम्रा पवित्र नदी किनारमा
धुस्रा फुस्रा चिचिभुँडीहरू बोकेर
कुन सोमतले बस्न आयौ हँ ?
हेर अब हेर
सरकार कसको रहेछ ?
महानगर कसको रहेछ ?
न्यायालय कसको रहेछ ?
तिमीहरुले भोट हालेर जिताएको
माननीय कसको रहेछ ?
हेर बेस्सरी हेर
भत्किएको झुपडीबाहिर
खण्डहरमा बसेर
मंसिरको जाडोमा
शितले नुहाउदै हेर ॥

## कथा

# समाजसेवी

■ यसराज भट्टराई



“औ सुन्नु त । बिचरा तल्लो गाउँको साईला बाजे दाऊरा खोज्न जाँदा भिरबाट खसेछन् नी !”

“हँ हो र ?” ध्रुवले अत्तालिँदै आरतीलाई सोध्यो ।

“हो त, धन्न सागर आइपुगेछ । मास्तिर कुलमानलाई गाडी भनेको भ्याउँदिन भनेछ र ट्याक्सी गाडी बोलाएर हतार हतार अस्पताल लिएर गएछ । बिचरा साईंला बाजेको होशै थिएन अरे !” आरतीले सहानुभूति जनाउँदै भनिन् ।

“कति बेला रहेछ ? अघि सुनेको भए त म पनि जाने थिएँ नी”, ध्रुवले खेद जनाउँदै सोध्यो ।

“अघि बिहानै रहेछ, मलाई पनि कहाँ थाहा हुन्थ्यो त ? पधँरोमा पानी थाप्न जाँदा पो सुनें त ! बेलुकी जाऊँ दुवै जना राम्ररी जाती होस् है बिचरा साईंला बाजे ।”

यति भनेर आरती चिया पकाउन थालिन् । छेवैको खुट्टे पिरामा बसी अघि बारी जाँदा लागेको कुरो लुगाबाट निकाल्दै “कठै विचरा बुडो मान्छे” भन्दै आरती तिर फर्केर ध्रुवले लामो श्वास तानेर भन्यो, “कसैको विवाहमा डेरा बनाउनु होस्, मराऊ परेको घरमा काम सघाउनु होस्, बिमारीलाई अस्पताल लानु होस्, या कोई गरिब बिमारीलाई औषधि किनिदिनु होस्, त्यो सागर जहिल्यै अगाडि पुगेको हुन्छ । आफुँ पाखुरीको भरमा पैसा कमाउँछ । ठेक्का लिएर अरूको दाउरा काट्छ । मल बोक्छ, खेत जोत्छ तर, गाऊँमा कसैलाई केही परेको दिन आफ्नो दिनको हाजीरा माया मारेर सघाउन पुग्छ ।”

खल्तीमा रूपैयाँको बिटा च्याप्नेहरु हात बाँधेर रमिता हेर्छन् । सुनी हाले पनि ए हो र ? मात्र भनेर तर्किन्छन् त्यहि कुलमानलाई हेर न ठूला बडाकोमा पर्दा टुप्लुक्क पुग्छ, हात मल्दै चिप्लो घस्छ, ऐना अघी उभिएर सभ्य हुँ भनेर गजक्क पर्छ, बाटोमा कोही अभर परेको होस् उसको गाडी रोकिँदैन, गफको फुर्ति देखाउँछ तर, गरिबकोमा परेको दिन कि त ऊ बिसञ्चो हुन्छ कि त जरूरी कामको बहाना बनाएर तर्किन्छ, तर त्यो सागर हेर त कति ठूलो विचारको मान्छे छ हो त गरिब गाउँलेको भगवान नै हो त्यो सागर दाजु त आरतीले थपिन । साँझमा साईला बाजेलाई लिएर सागर आइपुग्यो । छोरा बुहारीले ओछ्यानमा बाबुलाई सुताएपछि ध्रुव र आरती तिर हेर्दै सागरले भन्यो, “धन्न बेलैमा पुऱ्याएर र बचाऊन सकियो साइँला बाजेलाई । खुन बेसी बगेछ र खुन पनि पो चडाउनु पऱ्यो” त सागरले एकै श्वासमा भन्यो ।

“अनि खुन पाइयो त ?” ध्रुवले सोध्यो ।

“मर्नु छैन भने सबै मिल्दो रहेछ, मेरै खुन ठ्याक्कै मिल्यो नी, हामी गरिबको सहारा भनेकै हामी गरिब हौं, गाऊँको मान्छेलाई चाहिएको दिन यति खुन पनि दिन सकिएन भने यी पाखुरीको के काम ? गाउँले हुनुको के अर्थ ?”, उसले पाखुरा देखाउँदै भन्यो ।

सागरलाई श्रद्धाले हेरेर दुई शब्द बोल्यो, “ध्रुव हो त !”

आऊँदो १५ अगस्तका दिन गाऊँकै स्कुलको खेल मैदानमा स्वतन्त्रता दिवस धुमधामले मनाउने निश्चय भयो, सागरले पनि तिन दिन लगातार सघायो डेरा बनाउन । मैदानका उबड खाबड ढुङ्गा फुटाएर पन्साउनु, सबै गाउँलेले केही न केही सघाए ।

अनि त्यो विशेष दिन मुख्य अतिथिको हातबाट झण्डा उत्तोलन भएपछि सांस्कृतिक कार्यक्रम, हाजिरी जवाफ प्रतियोगिता, लाते भकुण्डो जस्ता रमाइला कार्यक्रमहरु भए । अनि पारिश्रमिक वितरणको अन्तमा माईकमा उद्‌घोषकले घोषणा गरे, “यो पाली हामीले समाजका एकजना समाजसेवीलाई पनि सम्मान जनाउने भएका छौं ।”

सबै गरिब गाऊँलेहरूले सागरलाई हेरे । ताली पडकाउन हातहरु आतुर थिए । यतिकैमा माईकमा उद्‌घोषकले घोषणा गरे, “यो पाली हामी यसै गाऊँका समाज सेवी श्री कुलमान ज्युलाई मुख्य अतिथिको हातबाट दोसल्ला ओढाएर सम्मान जनाउँदै छौं ।” दुई चार ताली स्टेजमा पड्किए तर, मैदानका भिडमा ताली पडकाऊन ऊठेका हातहरु सबै तल झरे । अनि फटाक फुटुक गर्दै सबै घरतिर लागे । भोलीपल्ट सागरको घरमा गाऊँलेको भीड थियो ।

सबैले सागरलाई भने, “हाम्रो निम्ति सम्मानको हकदार सधैं तपाईं नै हुनुहुन्छ ।” सागरले मुसुक्क हाँस्दै भन्यो, “मैले गरेको सेवा देखाउनको लागि कहिल्यै थिएन र छैन पनि, म सकुञ्जेल र मेरो हैसियतले भ्याऊञ्जेल सधैं गाऊँको सेवा गर्नेछु ।”

दिउँसो सबै घरतिर लाग्दै थिए अनि एक आपसमा भन्दै थिए, “सागर साँच्चै सागर झैं छ नी ?”

बेलुकी पख ध्रुव र आरती पनि घर आइपुगेर थचक्क सिकुवामा बसेर आकाशतिर हेर्दै थिए, “सायद समाज सेवीको अर्थ उनीहरु त्यही आकाशबिच खोज्दै थिए भन्ठान्छु ।”

> सबैले सागरलाई भने, “हाम्रो निम्ति सम्मानको हकदार सधैं तपाईं नै हुनुहुन्छ ।” सागरले मुसुक्क हाँस्दै भन्यो, “मैले गरेको सेवा देखाउनको लागि कहिल्यै थिएन र छैन पनि, म सकुञ्जेल र मेरो हैसियतले भ्याऊञ्जेल सधैं गाऊँको सेवा गर्नेछु ।” दिउँसो सबै घरतिर लाग्दै थिए अनि एक आपसमा भन्दै थिए, “सागर साँच्चै सागर झैं छ नी ?”

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | महत्वपूर्ण भेटघाट हुन्छ, नयाँ काम बन्ने छ । |
| वृष | : | बाहिरी सम्बन्ध राम्रो रहन्छ, अर्कामाथि भरोसा नगर्नु होला । |
| मिथुन | : | अनावश्यक खर्च हुन्छ, व्यर्थको यात्रा र परेशानी हुन्छ । |
| कर्कट | : | राजनीतिक कार्य सफल हुन्छ, जग्गा खरिद हुने योग छ । |
| सिंह | : | स्वास्थ्य राम्रो रहनेछ, सम्बन्धहरूमा विवाद हुने योग छ । |
| कन्या | : | विदेश यात्रा तथा रोजगार प्राप्तिको योग छ । |
| तुला | : | पारिवारिक कार्य सफल हुनेछ, अनावश्यक जिम्मेवारी लिनु हुँदैन । |
| वृश्चिक | : | पराकममा वृद्धिको योग छ, आर्थिक कार्यमा अनुकूल प्रगति हुन्छ । |
| धनु | : | जीवनसाथीको सहयोग प्राप्त हुन्छ, आर्थिक कार्यमा अनुकूल प्रगति हुन्छ । |
| मकर | : | विरोधी सक्रिय रहन्छन् तर, असफल हुन्छन् । |
| कुम्भ | : | व्यापारिक प्रगति राम्रो हुन्छ, राजनीतिक कार्य सफल हुन्छ । |
| मीन | : | उन्नतिको मार्ग प्रशस्त हुन्छ, शिक्षा सम्बन्धी कार्यमा रूकावट आउँछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# यस वर्ष हाइटीमा भएको हिंसामा एक हजार ४ सय बढीको मृत्यु



**काठमाडौं/एजेन्सी–** यौन अन्य हिंसात्मक गतिविधि गर्ने गिरोहले यस वर्ष हाइटीमा एक हजार ४०० भन्दा बढी व्यक्तिको हत्या गर्नुका साथै एक हजारभन्दा बढीलाई अपहरण गरेको संयुक्त राष्ट्रसंघले शुक्रबार जनाएको छ ।

मानव अधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त भोल्कर तुर्कले दण्डहीनतालाई सम्बोधन गर्न 'राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा राजनीतिक साहस र जिम्मेवारी' प्रदर्शन गर्न आह्वान गरे ।

अमेरिकाको सबैभन्दा गरिब राष्ट्र हाइटीले गम्भीर राजनीतिक, आर्थिक, सुरक्षा र स्वास्थ्य संकटको सामना गरिरहेको छ जसले देशलाई कमजोर बनाएको छ र कानून र व्यवस्थालाई बिगारेको छ ।

जुलाई २०२१ मा राष्ट्रपति जोभेनेल मोइसको हत्यापछि गिरोहहरू शक्ति र क्षेत्रीय नियन्त्रणमा अघि बढेका कारण हाइटीको संकटलाई थप बढाएको थियो । 'यो बहुआयामिक र लामो संकटलाई नजरअन्दाज गर्न सकिँदैन,' जेनेभामा आयोजित पत्रकार सम्मेलनमा तुर्कले भने ।

उनले भने, 'यो यस्तो देश हो, जहाँ आर्थिक र राजनीतिक सम्भ्रान्तवर्गको सहयोगमा सशस्त्र गिरोहले राजधानीको ६० प्रतिशतभन्दा बढी भाग आफ्नो नियन्त्रणमा राखेका छन् भने देशभर करिब ४७ लाख मानिस भोकमरीको चपेटामा परेका छन् । यस वर्षको सुरुदेखि अहिलेसम्म एक हजार४४८ जनाको हत्या भएको छ, एक हजार १४५ जना घाइते भएका छन् र एक हजार पाँच जना अपहरणमा परेका छन् ।'

उनले भने, 'यो संख्या मात्र होइन, सम्पूर्ण पिडित परिवार र समुदाय हिंसाले तहसनहस बनेको छ ।'

गत अक्टोबरमा संयुक्त राष्ट्रसंघको मानवअधिकार प्रमुखको जिम्मेवारी सम्हालेका तुर्कले गिरोहका सदस्यहरूले 'डर पैदा गर्न र जनसंख्यामाथि नियन्त्रण कायम गर्न यौन हिंसाको प्रयोग गरिरहेको' आरोप लगाएका छन् ।

अक्टोबरमा प्रकाशित संयुक्त राष्ट्रसंघको एक प्रतिवेदनमा गिरोहहरूले यौन हिंसालाई नागरिकहरूलाई 'दण्डित गर्न, अधीनमा राख्न र पीडा दिन' र सहयोगलाई बलजफ्ती गर्ने औजारको रूपमा प्रयोग गर्ने गरेको पाइएको थियो ।

यसमा १० वर्षभन्दा कम उमेरका केटाकेटी र वृद्ध महिलाहरूमाथि हुने सामूहिक बलात्कारको विस्तृत विवरण दिइएको छ । 'यौन हिंसा एक अतिरिक्त कारक हो जुन जनसङ्ख्याको लागि धेरै डरलाग्दो छ र वास्तवमा यसको सामना गर्न आवश्यक छ,' तुर्कले भने ।

उनले संकटको मूल कारण, विशेष गरी सामाजिक असमानता, व्याप्त भ्रष्टाचार, शक्तिशाली सम्भ्रान्त वर्ग र गिरोहका नेताहरूबीचको साँठगाँठ र स्थानीय दण्डहीनतालाई सम्बोधन गरि नुपर्नेमा जोड दिए ।

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले हाइटीको आर्थिक र राजनीतिक अभिजात वर्गका सदस्यहरूलाई प्रतिबन्ध लगाउने हालैको निर्णयको स्वागत गर्दै तुर्कले भने, 'यसले हाइटीको शान्ति, सुरक्षा र स्थिरतालाई खतरामा पार्नेहरूलाई धेरै कडा सन्देश दिएको छ ।'

उनले हाइटीबाट भागेका मानिसहरूलाई 'उचित र प्रभावकारी शरण प्रक्रियामा पहुँच' सुनिश्चित गर्न देशहरूलाई आग्रह गरे ।

# भारतमा सिलिन्डर विस्फोट ५ जनाको मृत्यु, ५० घाइते



**काठमाडौं/एजेन्सी-** पश्चिमी भारतको राजस्थान राज्यमा एक विवाह समारोहमा खाना पकाउने ग्यास सिलिन्डर विस्फोट हुँदा कम्तीमा पाँच जनाको मृत्यु हुनुका साथै ५० जना घाइते भएका अधिकारीहरूले शुक्रबार जानकारी दिएका छन् ।

राजस्थानको राजधानी जयपुरबाट चार सय ३६ किलोमिटर पश्चिममा रहेको जोधपुर जिल्लाको भुङ्गरा गाउँमा बिहीबार विवाह समारोहमा पाहुना भेला भइरहेका बेला सिलिन्डर विस्फोट भएको हो ।

मृतकमा दुई बालबालिका समेत रहेका जोधपुरको जिल्ला कलेक्टरको कार्यालयका एक अधिकारीले जानकारी छन् । घाइतेहरु सबै जलेका र उनीहरुलाई नजिकैको अस्पतालमा लगिएको छ । तीमध्ये १२ जना गम्भीर घाइते, भएका र उनीहरुलाई विशेष उपचारका लागि जोधपुर पठाइएको छ । अधिकारीहरुका अनुसार यो घटना बेहुलाको घरबाट जुलुस निस्कनु अघि नै भएको थियो । कार्यक्रममा करिब १०० जना जम्मा भएको रिपोर्टले जनाएको छ । विवाह भोजको तयारी भइरहेको ठाउँमा ग्यास सिलिन्डर चुहिएर शक्तिशाली विस्फोट भएको अधिकारीहरुले जानकारी दिएका छन् । विष्फोटका कारण विवाह भइरहेको घरको एक भाग पनि भत्किएको छ ।

## भूल सुधार

मिति २०७९/०८/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगार शिर्षक, विज्ञापनमा कम्पनी: **SDP Manufacturing Sdn.bhd,** पूर्व स्वीकृत मिति: २०७९/०८/१९, चलानी नं.: ६०१९२७२०, **LT. No.: 277133** भएको विज्ञापनमा प्रि–अन्तर्वार्ता र फाइनल अन्तर्वार्ता मिति २०७९ पुष १ गते मेनपावर कार्यालय परिसरमा हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

AAKARSHAN INTERNATIONAL PVT. LTD.
Aakarshan Building, Shambhu Marga (Near Airport), Katmandu, Nepal
Email: publicrelation@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 4474178, 9801122306, 9801122300, 9801309456
Govt. Lic. No.: 609/062/063

## मलेशियामा रोजगार | कम्पनी: NEW BALOK POULTRY INDUSTRIES SDN BHD

पुर्व स्वीकृती मिति: 2022/11/03 चलानी नं: 60190487 LT. No. 274695

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 19 | 0 | स.काममा दक्ष | 1500 | ४४,६०८ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता व्यहोर्ने | रोजगारदाता व्यहोर्ने | रोजगारदाता व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | [illegible] | [illegible] | [illegible] | रु ७००/- कामदारले तिर्ने | रु १५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०७९ पैष २ गते (17th Dec. 2022) हुदैछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AAROHAN HUMAN RESOURCE PVT. LTD.
Sinamangal-09, Kathmandu, Nepal, Phone: 01-4465606
Govt. Lic. No 1428/074/075

## कुवेतमा रोजगार | १. कम्पनी: ALARABIAH INVESTMENT GROUP GENERAL TRADING & CONTRACTING. शहर: KUWAIT

पुर्व स्वीकृत मिति: २०७८/०९/०७ चलानी नं.: ६०१७१०३१ LT. No.: 254307 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (INDOOR) | 2 | 0 | स. काममा दक्ष | 85 | ३६,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ पुस २८ गते (17 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DEEP JYOTI MANPOWER SERVICE PVT. LTD
Sinamangal-9 (Near Prakash Ashram), Kathmandu, Tel: 01-4492910 Fax: 4490678
श्रम इजाजत नं. ११३६/०७३/०७४
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np

## साउदीमा रोजगारको अवसर | १. कम्पनी: INNOVATION INDUSTRY COMPANY शहर: Tumair

पुर्व स्वीकृत मिति: २०७९/०७/२३ चलानी नं.: ६०१९०८६८ LT. No.: 275281 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Color Printing Machine Operator | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Welder | 5 | 0 | | 1300 | ४५,४८७ | | | | | | | |
| 3. | Worker Loading and Unloading | 3 | 0 | | 1000 | ३४,९९० | | | | | | | |
| 4. | Workshop Worker | 5 | 0 | | 1000 | ३४,९९० | | | | | | | |

२. कम्पनी: RESTAURANT SERVICES TRADING COMPANY शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०७८/१०/१३ चलानी नं.: ६०१७३५३६ LT. No.:256806 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,९८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef assistant | 1 | 0 | | 1200 | ४१,९८८ | | | | | | | |
| 3. | Coffee and Tea Maker and More | 1 | 0 | | 1300 | ४५,४८७ | | | | | | | |
| 4. | Waiter | 4 | 0 | | 1200 | ४१,९८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ पुस २ गते (17 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । ... जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

## मानेभन्ज्याङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०७८/०८/२४

यस कार्यालयको मिति २०७९/०६/१६ गते यस गाउँपालिका अर्न्तगत पंखुखोला मोली खानेपानी लिफटिङ्ग योजना (अधुरो) र गाल्मु झोलुङ्गे पुल निर्माण कार्यको लागि नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार E-Bidding मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये सबैभन्दा न्यूनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर बाहेक ) |
|---|---|---|---|
| १ | MRM/NCB/PKMKPLY/01/079/080 | Seasonal Engineering & Construction Consultancy (P)Ltd, Kathmandu, Nepal | 57,00,049.90 |
| २ | MRM/NCB/GSB/02/079/080 | S.K.Engineering Industries, Butwal Nepal | 19,34,916.82 |

प्रमुख प्रशासकीय अधिकृत

## मलेशियामा रोजगारको अवसर | कम्पनी : AHY JEWELLERY SDN BHD शहर: PENANG

पूर्व स्वीकृत मिति: २०७९/०८/२३ चलानी नं.:६०१९२९४८ LT. No.: 277350

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 0 | 15 | स. काममा दक्ष | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ पुस २ गते (17 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.
पि.ओ.बक्स: ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोन: ४४८१०४१, ४४९९०९४, फ्याक्स: ४४८०७४५
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com
श्रम इजाजत नं. ८६२/०६६/०६७

## साउदी र मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: Shalfa International Trading and cont. Co. शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७९/०७/२८ चलानी नं.: ६०१९११७३ LT. No.:275605 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 40 | 0 | स. काममा दक्ष | 1000 | ३४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष ६ गते (21 December 2022) मा हुनेछ ।

कम्पनी: MT SECURITY SERVICES SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०८/०१ चलानी नं.: ६०१९१४७२ LT. No.: 275824 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब MR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २ गते (17 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Al Shahid Overseas Pvt. Ltd.
Banshidhar Marg-04, Chandol, Kathmandu, Nepal, Tel: 01-4514440
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com
Gov. Lic. No. 1329/074/75

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL ZUMORUD TECHNICAL SERVICES शहर: AJMAN
पूर्व स्वीकृत मिति: २०७९/०८/१९ चलानी नं.: ६०१९२९३३ L.T. No.: 277342

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 90 | 10 | स. काममा दक्ष | 800 | २८,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०७९ पुस २ गते (16 Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AIR KINGS PLACEMENT PVT. LTD.
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Gov. Lic. No. 712/064/065

## मलेसियामा रोजगारको अवसर | कम्पनी: VEGETA MANUFACTURING SDN BHD शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०४/२४ चलानी नं.: ६०१८५०३४ LT. No.: 268988 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | स. काममा दक्ष | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ पुस २ गते (17 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
